नेपाल सरकार

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## <u>निरीक्षण अनुगमन सम्बन्धी विवरण</u>

मिति:२०८३/०६/१५

यस खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग काठमाडौं, डिभिजन कार्यालय, काठमाडौं सहितको संयुक्त टोलीले अनुगमन/निरीक्षण गर्ने क्रममा तपसिल बमोजिमका खाद्य व्यवसायको मिति २०८३/०६/१३ र २०८३/०६/१४ मा अनुगमन/निरीक्षण गरी खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम निम्नानुसारको काम, कारवाही तथा सुधारका लागि निर्देशन गरियो।

| सि.नं. | खाद्य व्यवसायको विवरण | अनुगमन गर्दाको अवस्था/कैफियत | निर्देशन/कारवाही |
|---|---|---|---|
| १. | देवयानी इन्टरनेशनल नेपाल प्रा. लि., का.म.न.पा.-१४, कलंकी, काठमाण्डौ। | • भान्साको सरसफाई सन्तोषजनक पाईयो।<br>• साकाहारी खानेकुराहरु तार्न प्रयोग गरिएको तेलको TPM value १५.५ र मांसाहारी खानेकुराहरु तार्न प्रयोग गरिएको तेलको TPM value १८ पाईयो।<br>• Pest control नियमित रहेको पाईयो।<br>• कुखुराको काँचो मासु उचित तापक्रममा भण्डारण गरेको पाईयो।<br>• Marination गरेको चिकेनको उपभोग्य मिति २ दिन रहेको र सोहि मिति भित्र चिकेन तयार गरी बिक्रि वितरण गर्ने गरेको। | • Freezer तथा chiller को temperature calibration गर्ने।<br>• तेलको प्रयोग नियमन गर्न SOP बनाई लागू गर्ने।<br>• खाद्य स्वच्छता कायम गरी बिक्रि वितरण गर्ने। |

| | | | |
|---|---|---|---|
| २. | दाजु भाइ स्वीट्स , का.म.न.पा.-१४, कलंकी, काठमाण्डौ। | • सरसफाई सन्तोपजनक नरहेको।<br>• फ्रिजमा खाद्य पदार्थहरु अव्यवस्थित तरिकाले भण्डारण गरेको पाईयो।<br>• कृत्रिम रंगको अव्यबस्थित प्रयोग गरेको पाईयो ।<br>• व्यक्तिगत सरसफाई सामान्य रहेको । | • सरसफाईमा विशेष ध्यान दिने ।<br>• व्यक्तिगत सरसफाईमा ध्यान दिने ।<br>• पकाएर खाने कुरामा कृत्रिम रंगको प्रयोग नगर्ने<br>• Pest control थप प्रभावकारी रुपले लागू गर्ने।<br>• खाद्य स्वच्छता कायम गरी खाद्य पदार्थहरु तयार तथा विक्रि वितरण गर्ने। |
| ३. | फ्रेन्डसिप ड्रिकिङ्ग वाटर प्रा. लि., चन्द्रागिरी- १०, काठमाण्डौ। | • सरसफाई सामान्य रहेको।<br>• प्रसोधन कक्षमा पाईपहरु लिकेज भएको अवस्थामा पाईएको।<br>• कुच्चिएको, कोत्रिएको, टुटेफुटेको जारहरु पुनः प्रयोग गरेको पाईयो ।<br>• पुन प्रयोग गर्ने जार सरसफाईमा क्लोरिनयुक्त तातो पानी प्रयोग गरेको पाईयो।<br>• व्यक्तिगत सरसफाई सामान्य रहेको । | • कुच्चिएको, कोत्रिएको, टुटेफुटेको १० थान जारहरु नष्ट गरियो।<br>• प्रशोधित पिउने पानी उत्पादन मापदण्ड सम्वन्धि निर्देशिका २०७४ बमोजिम उत्पादन गर्न निर्देशन दिईयो।<br>• खाद्य स्वचछता तथा गुणस्तर ऐन २०८१ बमोजिम प्रशोधित पिउने पानीको (जार) नमूना संकलन गरियो । |
| ४. | राधे राधे स्विट्स, गोकर्णेश्वर -७, शिवचोक, काठमाण्डौ। | किचनमा फोहोरदानी खुल्ला रहेको।<br>परिजीवी नियन्त्रण व्यवस्थित नरहेको।<br>कच्चा पदार्थ र मिठाई खरिद विल व्यवस्थित नगरेको।<br>फ्रिजमा काँचो, पाकेको, डेरी, नन्-डेरी एकै स्थानमा नछोपी राखेको।<br>अनुमति नलिएको उद्योग बाट मिठाई खरिद गरि विक्रीमा राखेको। | किचनमा बन्द फोहोरदानी राख्ने।<br>परिजीवी नियन्त्रण व्यवस्थित गर्ने।<br>खरिद तथा विक्री विल व्यवस्थित गरि ट्रयासिविलिटी कायम गर्ने।<br>फ्रिज व्यवस्थित गर्ने।<br>अनुमतिपत्र प्राप्त उद्योगवाट मात्र उत्पादनहरू खरिद गरि विक्रीवितरण गर्ने। |
| ५. | न्यू मोनिका स्वीट, गोकर्णेश्वर -७, शिवचोक, काठमाण्डौ। | कृत्रिम खाद्य रंग राखेर पकाइएको जेरी ६ केजी, चप १५ पिस, पकौडा ४ प्लेट पाईयो।<br>प्रिन्ट गरेको कागजमा खाद्य पदार्थ विक्री गरेको पाइयो।<br>प्रयोग हुँदै गरेको सिन्थेटिक रङ २ डिब्बा पाइयो।<br>अनुमतिपत्रमा उल्लेख नभएको उत्पादनहरू पाइयो। | सिन्थेटिक फुड कलर राखेर पकाइएको खाद्य पदार्थहरू नष्ट गरियो।<br>प्रिन्ट गरेको कागज र प्रयोग हुदै गरेको सिन्थेटिक रङ नष्ट गरियो। |

नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
बबरमहल, काठमाण्डौ

| | | | |
|---|---|---|---|
| ६. | आस्था ग्रोसरी स्टोर प्रा.लि., चन्द्रागिरी नपा -०३, इमाखेल, थानकोट काठमाण्डौ। | • अनुमतिपत्र नं उल्लेख नभएको खाद्य वस्तु बिक्रीमा राखेको पाइयो।<br>• खाद्य तथा अखाद्य वस्तु संगै राखेको पाइयो।<br>• म्याद गुज्रेको तिल टिमुर अचार २ थान भेटिएको | • अनुमतिपत्र नं उल्लेख नभएको खाद्य वस्तु चुक अमिलो ३ थान, ड्राई मिट २५ थान , स्टिक नुडल्स (१२ थान ) जफत गरियो ।<br>• म्याद गुज्रेको तिल टिमुर अचार २ थान नस्ट गरियो।<br>• खाद्य तथा अखाद्य वस्तु छुटाछुटै भण्डारण गरि खाद्य स्वच्छता कायम गर्न निर्देशन दिईयो। |
| ७. | आस्का मिनि मार्ट, चन्द्रागिरी-४, थानकोट बसपार्क, काठमाण्डौ। | • लेबल विवरण विना बिक्रीमा राखिएको बदाम २० थान पाइयो।<br>• अनुमतिपत्र नं उल्लेख नभएको खाद्य वस्तु बिक्रीमा राखिएको पाइयो।<br>• म्याद गुज्रेको भेज बर्गर प्याटी १ थान भेटिएको | • लेबल विवरण विनाको बदाम २० थान तथा अनुज्ञापत्र पत्र नं उल्लेख नभएको खाद्य वस्तु गुदपाक १३ थान, पुष्टकारी २००ग्राम ५० थान र ५०० ग्राम २० थान , जुजु धौ५०० मिलि २ थान , १०० मिलि ३ थान जफत गरियो ।<br>• म्याद गुज्रेको भेज बर्गर प्याटी १ थान नस्ट गरियो।<br>• देखिएका कैफियत सुधार गरि खाद्य स्वच्छता कायम गर्न निर्देशन दिईयो। |
| ८. | रिद्धि किराना स्टोर, चन्द्रागिरी- ३, काठमाण्डौ। | • अनुमतिपत्र नं उल्लेख नभएको खाद्य वस्तु बिक्रीमा राखिएको पाइयो।<br>• भण्डारणको अवस्था व्यवस्थित नदेखिएको। | • अनुमतिपत्र नं उल्लेख नभएको खाद्य पदार्थ चिकेन मसला २० थान, मिट मसला २० थान , ह्यापी स्न्याक्स १० थान जफत गरियो।<br>• व्यवस्थित तरिकाले भण्डारण गरि खाद्य स्वच्छता कायम गर्न निर्देशन दिईयो। |

नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
बबरमहल, काठमाण्डौ

| | | | |
|---|---|---|---|
| ९. | सृष्टि स्विट्स एंड छात हाउस , चन्द्रागिरी -३, काठमाण्डौ। | • सरसफाई पर्याप्त नभएको।<br>• पकौडा, पाउरोटी चप, जस्ता खाद्य पदार्थ बनाउन तयार गरिएको पिठोको झोलमा किरा भटिएको।<br>• पकौडा, पाउरोटी चप, जस्ता खाद्य पदार्थमा कृतिम खाद्य रंग प्रयोग गर्ने गरेको।<br>• पत्रिकामा पोको पारि खाद्य पदार्थ प्याक गरि दिने गरेको पाइयो। | • किरा भेटिएको पिठोको झोल तथा कृतिम खाद्य रंग प्रयोग गरि बनाइएको पकौडा( करिब १ केजी), जेरी (करिब २ केजी) नष्ट गरियो।<br>• नियमित सरसफाई, किट नियन्त्रणको व्यवस्था तथा देखिएको कैफियत सुधार गरि खाद्य स्वच्छता कायम गर्न निर्देशन दिईयो। |
| १०. | ओम शंकर ट्रेड्स, चन्द्रागिरी -७, काठमाण्डौ। | • सरसफाई पर्याप्त नभएको।<br>• किट नियन्त्रणको व्यवस्था नभएको।<br>• भण्डारणको अवस्था अव्यवस्थित रहेको।<br>• अनुपतिपत्र नं उल्लेख नभएको खाद्य वस्तु विक्रीमा राखिएको पाइयो<br>• मुसाले संक्रमित स्टिक चाउमिन १ थान भेटिएको | • अनुमतिपत्र नं उल्लेख नभएको खाद्य वस्तु पुष्टकारी २केजी -११ थान, ४ थान स्टिक चाउमिन ४ थान जफत गरियो।<br>• मुसाले संक्रमित स्टिक चाउमिन १ थान नस्ट गरियो।<br>• नियमित सरसफाई, किट नियन्त्रणको व्यवस्था तथा देखिएको कैफियत सुधार गरि खाद्य स्वच्छता कायम गर्न निर्देशन दिईयो। |
| ११. | मेगा मार्ट प्रा.लि., मिनिमार्टको शाखा, चन्द्रागिरी नपा ६, चेकपोस्ट, काठमाण्डौ। | • सरसफाई सन्तोपजनक पाइयो।<br>• भण्डारण व्यवस्थित रहेको।<br>• किट नियन्त्रण को लागि व्यवस्था गरेको पाईयो। | • सधै खाद्य स्वच्छताको प्रावधान पालना गरी विक्रीवितरण गर्न निर्देशन दिईयो। |
| १२. | मेगा मार्ट प्रा.लि., मिनिमार्ट को शाखा, चन्द्रागिरी नपा ११, सतुंगल, काठमाण्डौ। | • सरसफाई सन्तोपजनक पाइयो।<br>• भण्डारण व्यवस्थित रहेको।<br>• किट नियन्त्रण को लागि व्यवस्था गरिएको। | • सधै खाद्य स्वच्छताको प्रावधान पालना गरी विक्रीवितरण गर्न निर्देशन दिईयो। |

<u>अनुगमनका केहि झलकहरु</u>









